राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– १२, असोज २४ गते शुक्रबार, २०७६ (11 Oct., 2019) www.janajibro.com मूल्य रू. १०/–

## सीको राजकीय भ्रमण र नेपालको अपेक्षा

### केरुङ-काठमाडौं रेल्वेसम्बन्धी सम्झौता हुने चर्चा

■ **जनजिब्रो संवाददाता**

**काठमाडौं ।** राष्ट्रपति विद्यादेवी भण्डारीको मैत्रीपूर्ण निमन्त्रणामा जनवादी गणतन्त्र चीनका राष्ट्रपति सी जिनफिङको दुई दिने नेपालको राजकीय भ्रमण हुने भएको छ ।

विश्वकै दोस्रो ठूलो आर्थिक शक्तिराष्ट्रको परिचय बनाएको उत्तरी छिमेकी मुलुक चीनका राष्ट्रपति सि जिनफिङको आसन्न राजकीय भ्रमणबाट नेपाल-चीन सम्बन्धमा नयाँ आयाम थपिने विश्वास नेपाली जनताले गरेका छन् । राष्ट्रपति सी जिनफिङको यही असोज २५ र २६ गते हुने भ्रमणले शान्तिप्रेमी, स्वाभिमानी, स्वाधीन र पूर्ण सार्वभौम राष्ट्रका रूपमा विश्वसामु परिचित निकटको छिमेकी नेपालसँगको



सम्बन्धलाई चीनले उच्चमहत्त्व साथ पुष्टि गरेको मात्र नभई चीनको विदेश नीतिमा नेपाल प्राथमिकतामा रहेको तथ्यलाई समेत उजागर गरेको छ ।

चिनियाँ राष्ट्रप्रमुखको यस पटकका भ्रमणलाई नेपाल-चीन आर्थिक साझेदारीका खातिर भरपुर उपयोग हुने र नेपाललाई एक समृद्ध राष्ट्रमा रूपान्तरण गर्न कोसेढुंगा साबित हुने समेत सर्वत्र अपेक्षा गरिएको छ । यस्तै नेपाल-चीन ऊर्जा संयन्त्रको सुदृढीकरण, ऊर्जा सचिव र प्राविधिक स्तरमा बनेका द्विपक्षीय संयन्त्रको प्रभावकारिताको समिक्षा भ्रमणकै क्रममा हुने विश्वास समेत लिइएको छ ।

नेपाल-चिनबीच सन् १९५५ को क्रमशः अन्तिम पृष्ठमा

## सम्झौता गर्दा मुलुकको हित र आवश्यकतालाई ध्यान दिन सुझाव

**काठमाडौं ।** नेपाल र चीनबीच लामो समयदेखि रहिआएको असल, प्रगाढ र छिमेकीको सम्बन्धलाई चिनियाँ राष्ट्रपति सि जिनफिङको राजकीय भ्रमणले थप उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री ओलीले यस भ्रमणका क्रममा नेपालको हित र आवश्यकतालाई केन्द्रमा राखेर आर्थिक साझेदारीका विषयमा छलफल गरिने बताएका छन् ।



भ्रमणको पूर्वसन्ध्यामा आफ्नै निवास बालुवाटार पूर्वप्रधानमन्त्रीहरु, पूर्वपरराष्ट्रमन्त्रीहरु एवं आर्थिक र परराष्ट्र मामिलाका जानकारहरुसँग क्रमशः अन्तिम पृष्ठमा

## सार्क शिक्षामन्त्रीस्तरीय बैठक, नेपालको प्रगतिबारे अवगत

**काठमाडौं ।** हालै माल्दिम्भसको राजधानी मालेमा सम्पन्न दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) स्तरीय शिक्षामन्त्रीहरूको चौथो बैठकमा नेपालले शिक्षाको मौलिक हकको अधिकार कार्यान्वयन, साक्षरता अभियान र सार्वजनिक शिक्षालयमा रूपान्तरण दशकका विषयमा अवगत गराएको छ ।

शिक्षा तथा विज्ञान प्रविधिमन्त्री गिरीराजमणि पोखरेलले नेपालको संविधानमा मौलिक हकमा शिक्षाको हकलाई समावेश गरिएको र सोको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन लागू गरिएको जानकारी दिएका हुन् ।

सो बैठकलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षासहित शिक्षामा नेपालले शैक्षिक रूपान्तरणको दशक आरम्भ गरेको क्रमशः अन्तिम पृष्ठमा

## महरालाई पूर्वसहयात्री भट्टराईको मर्मस्पर्शी पत्र

### 'महरा-रोशनी' काण्डले माओवादी आन्दोलनमै प्रश्नचिह्न'

**काठमाडौं ।** पछिल्लो समय पूर्वसहकर्मी तथा वर्तमान सभामुखी कृष्णबहादुर महराबारे सञ्चारमाध्यमहरूमा छरपष्ट भएको 'महरा र रोशनी' यौनकाण्डप्रति मर्माहत हुँदै पूर्वमाओवादी नेता डा. बाबुराम भट्टराईले लेखे यस्तो व्यहोराको मर्मस्पर्शी पत्र ।



ऐतिहासिक जनयुद्ध कालको फलामे अनुशासन र उच्च नैतिकतामा एवं बदिलानीपूर्ण आन्दोलनद्वारा महिलामुक्तिको परिकल्पना साथै उन्नत संस्कृतिको विकास तथा मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थायीत्वको प्रश्नसँग जोडिएको विषय भएका यसबारे आफू बोल्ने बाध्य भएको डा. बाबुराम भट्टराईले सो पत्रमा उल्लेख गरेका छन् ।

प्रिय महराजी, बाबुरामले यस्तो सम्बोधन गर्दै पत्रमा भनेका छन् 'हालैको तपाईंसम्बन्धित घटनाले सम्पूर्ण देश र केही हदसम्म अन्तर्राष्ट्रिय जगत् पनि तरंगित त छँदैछ म व्यक्तिगत रूपमा समेत अत्यन्त मर्माहत भएको छु,' बाबुराम अगाडि लेख्छन्- 'यो तपाईंको मात्र प्रश्न नभएर ऐतिहासिक माओवादी क्रमशः अन्तिम पृष्ठमा

## अर्थमन्त्री खतिवडा र भारतीय वित्तमन्त्रीबीच के-के भए कुराकानी ?

**काठमाडौं ।** भारतमा भइरहेको विश्व आर्थिक मञ्चको कार्यक्रममा सहभागी हुन आएको अवसरमा अर्थमन्त्री डा. युवराज खतिवडा र भारत सरकारकी वित्तमन्त्री निर्मला सितारमणबीच भारतको वित्त मन्त्रालयमा शिष्टाचार भेट भएको छ ।

भेटका अवसरमा अर्थमन्त्री डा. खतिवडाले नेपालको विकासका लागि भारत



सरकारवाट निरन्तर प्राप्त सहयोगका लागि धन्यवाद दिँदै द्विपक्षीय आर्थिक सहयोग, व्यापार क्रमशः अन्तिम पृष्ठमा

## दुई छिमेकीबीच नेपाल किन निरीह ?

**समय-सन्देश**

**डा. ऋषिराज बराल**

साझा बैंक र भारतसित बढ्दो आर्थिक साझेदारीका कारण यस क्षेत्रमा चीनप्रति बढ्दै गएको आशंकालाई 'लिपुलेक प्रकरण' ले थप प्रस्ट्याएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका सन्दर्भमा भारत चीनबीच १५ मे २०१५ मा भएको ४१ बुँदे सहमतिको २८ बुँदासम्बन्धी सम्झौताले दुई छिमेकी मिलेपछि नेपालको भूभाग जतिबेर पनि आफ्नो बनाउन सकिन्छ भन्ने कुरालाई प्रमाणित गरेको छ । यस प्रकरणले 'जसको लट्ठी उसेको भैंसी' उखानलाई चरितार्थ गर्दै दुई मुलुकको दादागिरीलाई मात्र प्रतिबिम्बित गरेको छैन, नेपाल सरकारको निरीहपन एक अर्थमा आत्मसमर्पणवादलाई पनि सतहमा ल्याइदिएको छ ।

भारत-चीन युद्धका समयमा भारतले चीनको निगरानी गर्ने नाममा बर्सौंदेखि कब्जा गरेको दार्चुला जिल्लाको उत्तरपश्चिम क्षेत्रमा अवस्थित नेपालको लिपुलेक क्षेत्रलाई लिएर नेपालका देशभक्त र क्रान्तिकारीहरूले हिजोका दिनदेखि नै सशक्त विरोध गर्दै आएका हुन् । तर सरकारमा बसेका नालायकहरूले यसप्रति अलिकति पनि गम्भीरता प्रस्तुत गरेनन् । अहिले आएर भारतले कब्जा गरेको यो ठाउँका सम्बन्धमा साझा सम्झौता गरेर यो भूमि भारतकै हो भनेर चीनले पनि लालमोहर लगाइदिएको छ । सानासाना कुराको पनि हेक्का राख्ने चीनलाई यसबारे थाहा नहुने अथवा बिर्सेको भन्ने कुरा होइन यो । भारतले त यस्तो गर्दै आएको थियो, यस प्रकरणपछि चीनका बारेमा अलिअलि भ्रम पालेकाहरू पनि अब प्रस्ट भएको हुनुपर्छ । प्रश्न लिपुलेकको होइन, प्रश्न प्रवृत्तिको हो । यथार्थतः यो निकै खतरनाक प्रवृत्तिको द्योतक हो ।

अहिलेको चीन हिजो माओको समयको जस्तो चीन छैन । आफूलाई फाइदा हुन्छ भने उसले सबै कुरा गर्दै आएको छ । आफ्नो स्वार्थका लागि चीन जोसित पनि र जस्तोसुकै पनि सम्झौता गर्छ भनेर एकथरी राजनीतिक विश्लेषकहरूले भन्दै आएको कुरा लिपुलेक प्रकरणमार्फत साबित भएको छ । आर्थिक-राजनीतिक मामिलामा चीनका बारेमा सबै कुरा प्रस्ट थियो । अन्य मुलुकको सार्वभौम सत्तामाथि नै धावा बोलेर यसले आफ्नो पछिल्लो स्थितिलाई थप प्रस्ट पारेको छ । यस प्रकरणपछि, चीन कुन बाटो हिँडिरहेको छ र अबका दिनमा कसरी जानेछ भन्ने क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्।

**-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- २५, अङ्क- १२, असोज २४ गते शुक्रबार, २०७६

## सम्पादकीय

# चिनियाँ राष्ट्रपति सीको नेपाल भ्रमण

लामो अन्तरालपछि उत्तरी छिमेकी मित्रराष्ट्र चीनका कार्यकारी अधिकारसम्पन्न राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमण हुँदैछ। राष्ट्रपति सीको भ्रमणको सन्दर्भलाई लिएर नेपालभित्र विभिन्न खाले टीकाटिप्पणी र जिज्ञासा व्याप्त छन्। यो भ्रमणको नेपाली राष्ट्रिय आयाम मात्र होइन, अन्तर्राष्ट्रिय आयामबारे समेत विभिन्न कोणबाट चर्चा-परिचर्चा चलिरहेको छ।

राष्ट्रपति सी त्यहाँको राज्यव्यवस्थाका कार्यकारी प्रमुख मात्र होइनन्, समकालीन विश्वराजनीतिकै एक 'शक्तिसम्पन्न' राष्ट्रप्रमुख समेत हुन्। परम्परागत कम्युनिस्ट मान्यता र सिद्धान्तअनुरूप नभए तापनि स्वयं चीन र त्यहाँको सरकारले वर्तमान चिनियाँ राज्यव्यवस्थालाई 'कम्युनिस्ट शासन' भनिरहेको छ र संसारभरकै 'र्‍याडिकल' कम्युनिस्ट बाहेक सबैले त्यो कुरा स्वीकारेका पनि छन्। प्रायः सबै क्षेत्रमा दक्षिणी छिमेकी भारतको दबदबा कायम रहेको सन्दर्भ अनि इण्डो-प्यासिफिक, एमसीसीजस्ता अमेरिकी प्रोजेक्टको नेपालमा चलखेल तथा अबका केही वर्षभित्रै अमेरिकालाई सबै क्षेत्रमा, विशेषतः आर्थिक विकासका क्षेत्रमा उछिन्ने चीनको घोषित नीतिका कारण पनि सीको आगमनलाई रणनीतिक महत्त्वका साथ हेरिँदैछ।

यस सन्दर्भमा दुईतिर दुई विशाल राष्ट्रले घेरिएको सानो जनसंख्या र भूगोलको नेपालले चीन र भारत तथा अन्तर्राष्ट्रिय समुदायलाई निकै सावधानीपूर्वक सन्तुलनमा राखेर व्यवहार गर्न सक्नु पर्दछ।

# दुई छिमेकीबीच...

कुरा सामान्य मान्छेका लागि पनि प्रस्ट भएको छ। चीनको यो स्थिति एउटा लामो पक्रियापछिको गुणात्मक 'रूपान्तरण' हो। सारतः यो चिनियाँ 'आधुनिकीकरण' को गुणात्मक फड्को हो। यसले चिनियाँ विस्तारवादी नीतिलाई पुष्टि गर्छ।

माओको मृत्युपछि चीनमा समाजवादी निर्माण अभियान अवरुद्ध भयो।

तेङ सियाओ पेङ सत्तामा आउनेबित्तकै उनले क्रान्तिका पक्षधरहरूलाई मुद्दामामिलामा फसाउनुका साथै जेलमा पठाउने काम गरे।

माओ पक्षधर कतिपय उच्च नेताको जेलमै मृत्यु भयो। समाजवादी निर्माण अभियानमा आर्जित समग्र क्रान्तिकारी मूल्यलाई ध्वस्त पारियो र सुधारका नाममा क्रान्तिकारी दर्शन, विचारधारा र राजनीतिमाथि धावा बोलियो।

यसक्रममा 'कालो बिरालो र सेतो बिरालो' को अवधारणा लागु गरेर चीनमा पुँजीवादी व्यवस्थाका लागि चौतर्फी रूपमा बाटो खुला गरियो।

यही पुँजीवादी आर्थिक स्वार्थका कारण नै चीनलाई नेपालको भूमि अतिक्रमणको स्थितिसम्म पुऱ्यायो।

यसलाई लिएर संसारभरिका क्रान्तिकारीहरूले चीनमा प्रतिक्रान्ति भएको घोषणा गरे। खास गरेर विश्वका क्रान्तिकारीहरूको केन्द्रका रूपमा गठित 'क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन' (रिम)को गठनपछि चीनमा प्रतिक्रान्ति भएको यथार्थलाई प्रस्ट पार्दै चिनियाँ नवसंशोधनवादी प्रवृत्ति र यस प्रवृत्तिका अगुवाहरूको भण्डाफोर गर्ने कार्यलाई तीव्रता दिइयो।

अहिलेसम्म संसारभरका माओवादी क्रान्तिकारीहरूले चिनियाँ कम्युनिस्ट पार्टीलाई नवसंशोधनवादी पार्टी भन्दै आइरहे पनि चीनका पछिल्ला गतिविधिका कारण यति मात्रले अहिलेको चीनको चरित्र प्रस्टिँदैन, अब यसको नयाँ विश्लेषण र संश्लेषण गर्नुपर्छ भन्ने बहस अन्तर्राष्ट्रिय माओवादी आन्दोलनमा जोडदार रूपमा उठेको छ।

अब आएर चीन नयाँ पुँजीवादी मुलुकका रूपमा प्रस्टिएको र आर्थिक दृष्टिले साम्राज्यवादका रूपमा विकसित हुनथालेको कुरा बहसको विषय बनेको छ। यस सम्बन्धमा एन. बि. टर्नरको पुस्तक 'इज चाइना एन क्यापिटलिस्ट कन्ट्री ? कन्सिडरेसन एन्ड इभिडेन्स' ९ २०१४० ले विशेष महत्व राख्दछ।

यसका साथै विवाद र बहसको अर्को पाटो पनि छ।

कथित सुधारसँगै बहुराष्ट्रिय कम्पनी र सरकारी पदाधिकारीको साँठगाँठमा भएका शोषण, दमन र हत्याले चीनका जनतामा निराशा, आक्रोस र विद्रोह उत्पन्न हुनु स्वाभाविक थियो र छ। सहर र गाउँबीच मात्र नभएर सहरमै पनि आर्थिक अन्तराल, वर्गीय विभेद र असन्तुष्टि चुलिँदै गएपछि चिनियाँ शासक वर्गले एकातिर बाह्य शक्तिको घुसपैठको नाम दिएर संघर्षलाई दबाउने काम गरेको छ भने अर्कोतिर मुलुकमा भ्रष्टाचार बढेको र आफुहरू माओ र समाजवादी मूल्यप्रति इमानदार भएको भनेर जनताको आक्रोस र विद्रोहलाई मत्थर पार्ने तारतम्य पनि मिलाउने गरेको छ।

खासगरेर अहिले सि जिपिङ सत्तामा आएपछि उनले यस फर्मुलाको प्रयोगद्वारा आक्रोस र असन्तुष्टिलाई मत्थर पार्ने योजना लागु गरेका छन्। सि भूमण्डलीकरण चिनयाकरणका येजनाकार पनि हुन्।

पछिल्ला दिनमा मूलतः चीनकै अगुवाइमा क्षेत्रीय विस्तारवादी तथा प्रभृत्ववादी कतिपय शक्तिहरूसित मिलेर ब्रिक्सको निर्माण गरिएको छ। कतिपयले नयाँ विश्लेषण गर्दै यसलाई अमेरिकी साम्राज्यवाद विरुद्ध समानान्तर शक्तिका रूपमा पनि चित्रण गरेका छन्।

यो विश्लेषण मनोगतवादी हुनुका साथै गैरमार्क्सवादी पनि छ। आफ्नै मुलुकका उत्पीडित जनताको बारेमा केही नबोल्ने चीनले भारतमा चलिहेको वर्गीय तथा राष्ट्रिय मुक्ति आन्दोलन, चिलीमा तीव्र रूपमा अघि बढेको किसान आन्दोलन र उनीहरूमाथि भएको निर्मम दमनका बारेमा अलिकति पनि बोलेको छैन।

सत्य के हो भने भारत, चिली लगायतका मुलुकहरूका शासक वर्गसित साँठगाँठ गरेर आफ्नो बजारविस्तार गर्न उद्यत् चीन त्यहाँका उत्पीडित जनताका पक्षमा उभिने कुराको त कल्पना पनि गर्न सकिँदैन।

आफ्नो स्वार्थका लागि दमनकारी शासक वर्गसित साँठगाँठ गर्ने चीनलाई अमेरिकी साम्राज्यवाद विरुद्धको समानान्तर शक्ति कदापि भन्न मिल्दैन। यो गैरमार्क्सवादी बुझाइको उपज मात्र हो।

प्रस्ट हुनुपर्ने कुरा के हो भने व्यापार वृद्धिका नाममा नेपालको भूमि लिपुलेकलाई लिएर भारतसित गरेको सम्झौताले चीन नयाँ विस्तारवादी शक्तिका रूपमा यस क्षेत्रमा देखापरेको यथार्थ प्रस्ट हुन्छ।

पछिल्लो समयमा भारतलगगायत विश्वका माओवादी क्रान्तिकारीहरूले चिनियाँ शासक वर्गको चरित्रलाई सामाजिक साम्राज्यवादी भनेर परिभाषित गरेका छन्। तर सत्तामा रहेका दक्षिणपन्थीहरू मात्र होइन, आफूलाई माओवादी क्रान्तिकारी भन्नेहरूसमेत चीनले आफ्ना लागि केही गरिदिन्छ कि भनेर जसरी आशपूर्ण दृष्टिले चीनतिर हेर्नेगर्छन्, यो बडो उदेकलाग्दो परिदृश्य बनेको छ।

ाटोमा उभिएका माग्नेहरूलाई धनपतिहरूले पैसा फ्यालिदिएझैं चीनले दुईचार लाख हातमा राखिदिएका कारण हाम्रा 'क्रान्तिकारीहरू' चीनको विरुद्ध बोल्न नसक्ने मात्र होइन, दस्तावेजमा चीनका बारेमा प्रस्ट पार्न असमर्थ बनेका छन् र अवैज्ञानिक तर्क र छलछामको सहारा लिइरहेका छन्।

यो संसद्वादीहरूको मात्र कुरा होइन, आफूलाई क्रान्तिकारी भन्ने बैद्य र विप्लव समूहको पनि समस्या हो।

मात्रा फरक होला, पुँजीवादको विकासको कोणबाट मात्र नभएर राष्ट्रियताकै सन्दर्भमा पनि अब भारतको विरोध र चीनको प्रशंसा गर्नुको अर्थ छैन। यिनले एकअर्कासित हात मिलाइसकेका छन्। चिनियाँ शासक वर्गले माओको नाम लिएर जनतालाई भ्रम दिने गरेको छ, यो भनेको काङ्ग्रेस-एमालेलाई धम्क्याउन प्रचण्ड-बाबुरामले बन्दुक उठाउने कुरा गरेजस्तै हो।

यथार्थतः चीनको स्वार्थ तिब्बत मात्र हो। नेपालमा कस्तो किसिमको राजनीतिक परिपाटी हुने भन्ने कुरामा पनि उसको खासै चासो छैन।

उसलाई तिब्बतको रेखदेख गर्ने एउटा इमानदार गोठालो मात्र चाहिएको छ नेपालमा। चीन त खारिएको बनियाँ हो। बनियाँ जे गर्दा आर्थिक फाइदा हुन्छ त्यही गर्छ। बनियाँगिरीमा चीनलाई जित्न गारो छ।

भारतलाई बैंकमार्फत साङ्घाईमा ल्याउनु चीनको विजय हो र लिपुलेकमा उभिएर चीनसित हात मिलाउनु भारतको विजय हो।

यसबाट नेपालको सार्वभौम सत्ता गम्भीर अवस्थामा छ र यो देशलाई माया गर्नेहरूका सामु ठूलो चुनौती छ भन्ने कुरालाई गम्भीरताका साथ लिनु आवश्यक छ।

चीनका बारेमा सत्य के हो भने उसको सबैभन्दा बढी व्यापार अमेरिकासित छ र उसको सबैभन्दा ठूलो आर्थिक सञ्जाल, त्यसमा पनि एनजिओ सञ्जाल दक्षिण अफ्रिकामा छ।

यस्तो बेला नेपालसितको व्यापारको पनि चीनलाई केही मतलब छैन। नेपालका सन्दर्भमा उसले अति उत्पादनले निम्त्याएको समस्या मात्र टारिरहेको छ।

यो सत्य हो, भारतले नेपालमाथि आर्थिक-राजनीतिक हस्तक्षेप र दक्षिणी सिमानामा अतिक्रमण गर्ने काम जुन स्तर र मात्रामा गरेको छ, त्यही स्तर र मात्रामा चीनले गरेको छैन। अमेरिकाले अन्तर्राष्ट्रिय स्तरमा गरेको सैन्य आक्रमणजस्तो सैन्य आक्रमण पनि चीनले गरेको छैन।

भारतले जस्ता नेपालमा हस्तक्षेप गरेके पनी छैन, तर चीनले हालै नेपालको लिपुलेकको सन्दर्भमा जे गऱ्यो, यसले निकै खतरनाक कुराको सङ्केत दिन्छ।

एउटा पुँजीवादी साम्ज्यवादी मुलुकले जे गर्छ, चीनले त्यही गरिरहेको छ। भारतीय विस्तारवादसित उसको बढ्दो साँठगाँठ नेपालको माओवादी आन्दोलनका सन्दर्भमा मात्र नभएर राष्ट्रिय स्वाधीनताका सन्दर्भमा पनि खतरनाक छ। चीन अब 'मित्र' मुलुक रहेन। यसप्रति हामी प्रस्ट हुनैपर्छ।

त्यसैले चीनले केही गरिदिन्छ कि भनेर नेपालका माओवादीहरूले चीनतर्फ हेर्नुको अब अर्थ छैन। चीनको विरोध नगरोस् भनेर पत्रकारहरूलाई झैं नेपालका माओवादी नेता तथा कार्यकर्ताहरूलाई बेलाबेलामा चीन घुमाउनु अथवा यसो हातमा दुईचार लाख राखिदिनुबाहेक अब उसले केही गर्नेछैन।

पुँजीवादको बाटो हिँडेकाहरूबाट समाजवादका लागि सहयोगको आशा गर्नु मूर्खता मात्र हुन्छ। यस यथार्थलाई नेपालका माओवादीहरू खासमा विशेषतः चीनसितको सम्बन्धलाई सुदृढ गर्न जोड गर्नू बैद्य समूह र वर्तमान चिनियाँ राज्यसत्तालाई चिनियाँ विशेषताको समाजवाद् ठान्ने र सि जिनपिङको प्रशंसा गर्ने विप्लवी कमरेडहरूले गम्भीरताका साथ आत्मसात गरेर चिनियाँ वर्तमान सत्ताका सम्बन्धमा भ्रम मुक्त हुनु आवश्यक छ।

लिपुलेकको सन्दर्भ वक्तव्य अथवा ' विरोधपत्र' मा सीमित हुने र गर्ने सन्दर्भ नभएर प्रतिरोधात्मक आन्दोलनको सन्दर्भ हो। यसमा हामी सबै प्रस्ट हुनैपर्छ।

*(शीर्षक परिवर्तनसहित सम्पादित अंश जनमेलबाट)*

# जथाभावी घरपालुवा पशु छाड्नेमाथि कारबाहीको माग

**काठमाडौं ।** राजधानीलगायत विभिन्न सडक, चोक, बजार क्षेत्र आसपासका बस्तीबाट ल्याएर जथाभावी छाडिने घरपालुवा गाईबाच्छा, कुकुर बिरालालगायतका चौपायाको बिगबिगीले सडक दुर्घटनासहितका थुप्रै समस्याहरु देखा परेका छन्। जथाभावी पशु छाड्ने प्रवृत्ति बढेपछि छाडा पशुको समस्या बढेको हो।

कहिले किसानको खेतबारीमा पसेर बाली नष्ट गर्ने त कहिले सडकमा हिँडेर यातायात अवरुद्ध पार्ने घरपालुवा गाई, सुँगुर, बाख्रापाठा र घोडासहितका पशु चौपाया नगर क्षेत्रका चोक, बजार र बस्ती क्षेत्रमा छाडा विचरण गराउने आम प्रचलन बढेसँगै ट्राफिक व्यवस्थापनमा ठूलो समस्या बनेको छ। बटुवा र स्थानीय पसलेलाई पनि छाडा चौपायाबाट असुरक्षा भइरहेको छन्। बटुवाहरू पटक/पटक गाई, साँढे, घोडा आदि चौपायाको आक्रमणमा परेर घाइते समेत भएका छन्।

मिरमिरे उज्यालोमै पशु पाल्नेहरूले आफ्ना वस्तु फुकाएर बजार, चोकतिर लघार्ने गरेकाले चोक र बजार परिसरमा खुला विचरण गर्ने पशुवस्तुका कारण सवारी साधन तथा पैदल यात्रु बढी नै मर्कामा पर्ने गरेका छन्। महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरसहित सबैजसो बजार क्षेत्रका मुख्य सडक पेटीमा सडक ढाकेर गाईवस्तु छाडिने प्रवृत्ति बढेसँगै सबैले सास्ती भोग्नु परेको छ।

'बजार, चोकतिर हिँड्डुल गर्न डरमर्दो भएको छ', बर्दिवासका स्थानीयले गुनासो गरेका छन्। बर्दिवासमा यिनै छाडा गाई पछ्याउने साढे दर्जनौं संख्यामा विचरण गरिरहेका देखिन्छन्। राष्ट्रिय महत्वका दसैं, तिहार र छठजस्ता धार्मिक चाडबाडमा बजार, सडकक्षेत्र सफा गरिनुपर्ने भए पनि छाडा पशु चौपायाले दैनिक रूपमा फोहर बढाएका सर्वसाधारणको गुनासो छ। अहिले दसैंभरिको फोहरको डुंगुरमा सुँगुरले खोस्रेर जतातत<ins></ins>ै दुर्गन्ध बढाएको देखिन्छ।

गाईबाहेक खुला चरनमा छाडिने सुँगुरका कारण त नगर क्षेत्रका बासिन्दा आजित नै भएका छन्। एकाबिहानै 'च्वाँ-च्वाँ' गर्दै ५०/६० को सङ्ख्यामा आँगन/आँगन चाहर्ने सुँगुँरको बिष्टा सोहोरेर हैरान भएको जलेश्वर नगर क्षेत्रका गृहिणीको गुनासो छ। छाडा सुँगुरले त कतिपय दिन भान्सासम्मै पुगेर खानेकुरा समेत खाने, पोख्ने गरेर हैरान खेलाएको जलेश्वर-१ शंकरचोक (जलेश्वरनाथ महादेव मन्दिर रहेको चोक) नजीककी बासिन्दा देवरती साहले बताइन्।

गाई-गोरु, बाख्रापाठा आँगनमै आइपुग्दा लाठो देखाएर धपाउन सकिने भए पनि परम्परादेखि सुँगुर छुन परहेज गर्ने केही जाति समुदायको चलन छ। 'बाबु पुर्खादेखि नै सुँगुर छोइएन', जलेश्वर-२ बुद्धिजीवीचोक नजीककी गृहिणी रञ्जु बराल भन्दछन्- 'हामी त यो सुँगुर आतङ्कले आजित नै भयौं' मुस्लिम ( इस्लाम) धर्मावलम्बीको सघन बसोबास भएका बस्तीमा छाडा सुँगुरले सर्वसाधारण झनै आजित भएका छन्।

जिल्लाका सबैजसो नगर/गाउँ क्षेत्रमा छाडा पशु चौपायाका कारण सर्वसाधारण आजित भएका छन्। व्यस्त नगरक्षेत्रमा छाडा चौपाया सडक ढाकेर गजधम्म बसिरहँदा ससाना सवारी साधन चलाउन र पैदल यात्रुलाई हिँड्न समेत सकस पर्ने गरेको छ। 'खै कसैले ध्यान दिँदैनन्, यो चौपाया छाडा छोड्ने कुरा कसले नियन्त्रण गर्ने हो ?', भंगाहा नगरपालिका-५ स्थानीय भन्दछन् 'नगरपालिका कार्यालयका हाकिम कानमा तेल हालेर सुत्या छन्।' छाडा चौपायाको जगजगी नगरक्षेत्रमा बढी देखिने गरेको छ। यो जिल्लाको पुरानो समस्या भए पनि स्थानीय तह, स्थानीय प्रहरी प्रशासन र सामाजिक संघसंस्थाबाट समस्या समाधानतर्फ कुनै पहलकदमी नदेखिएको सर्वसाधारणको गुनासो छ।

यसैबीच जिल्ला समन्वय समिति महोत्तरीका संयोजक सुरेशप्रसाद सिंह छाडा चौपाया नियन्त्रणका लागि स्थानीय तहले नै पहलकदमी लिनुपर्ने बताए। 'छाडा चौपायाका कारण हुने ट्राफिक समस्या हटाउन ट्राफिक प्रहरीको तत्परता त हुनुपर्छ' संयोजक सिंहले भने 'तर पशु छाडा छोड्ने प्रवृत्ति निरुत्साहित गर्न स्थानीय तहले नै ठोस निर्णय गरेर निश्चित विधि अघि बढाउनुपर्छ।' घरपालुवा पशु छाडा गर्नेलाई कारबाहीको दायरामा ल्याउन स्थानीय तहले तत्काल काम थाल्नुपर्ने संयोजक सिंहको भनाइ छ।

छाडा चौपायाले ट्राफिक समस्या बढेसँगै फोहर थुप्रिने र सर्वसाधारणको सुरक्षा चुनौतीसमेत बढेको गुनासो बाक्लिएपछि जिल्लाको भंगाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले भने। (रासस)

# स्पष्टता, विचार र संगठनात्मक अनुशासन कम्युनिस्ट आधार

– दस्तावेज –

चिनियाँ कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीका बीचमा आपसी अनुभव आदान-प्रदान गर्न आयोजित यस कार्यक्रमप्रति खुसी व्यक्त गर्दछु। चिनियाँ कम्युनिस्ट पार्टीले हासिल गरेको सफलताले विश्वभरीका कम्युनिस्टलाई गौरवान्वित बनाएको छ। कम्युनिस्ट पार्टी स्थापनाको झण्डै १०० बर्ष र जनवादी गणतन्त्र चीन स्थापनाको ७० औं वर्षगाँठको यस अवसरमा सम्पूर्ण चिनियाँ जनता र कमरेड सि जिन पिङ नेतृत्वको कम्युनिस्ट पार्टीका सबै कमरेडहरूलाई म हार्दिक बधाई दिन चाहान्छु। साथै समृद्ध, सबल र सुसंस्कृत, चिनियाँ विशेषतासहितको समाजवादी चीन निर्माण गर्ने महान् अभियानमा अझ व्यापक सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाल र चीनबीच सदियौंदेखि जनस्तरको सम्बन्ध रही आएको छ। अभिलेखित इतिहास अनुसार चिनियाँ महान् बौद्ध भिक्षु फाँसियानको लुम्बिनी यात्रा, नेपालका बौद्ध विद्वान बुद्धभद्रको चीन यात्रा, चिनियाँ बौद्ध विद्वान वेन साङ्को लुम्विनी यात्रा र नेपाली राजकुमारी भृकुटीको तिब्बती राजासँगको विवाह जस्ता पाँचौं शताब्दीको सुरुदेखि सातौं शताब्दी भित्रका घटनाले १६०० वर्ष अघिको हाम्रो सांस्कृतिक सम्बन्धको गहिराइ आँकलन गर्न सकिन्छ।

१३ औं शताब्दीमा नेपाली कलाकार अरनिकोको नेतृत्वको टोलीले बनाएको बेइजिङ शहरको मध्यभागमा रहेको विशाल श्वेत चैत्य र उथाइसानको श्वेत चैत्य हाम्रा ऐतिहासिक सम्वन्धका शिखर नमुना हुन्। त्यही ऐतिहासिक विरासतमा उभिएर सन् १९५५ मा दौत्य सम्बन्ध स्थापना भए पछि नेपाल र चीनबीच आधुनिक सम्बन्ध निरन्तर विकास हुँदै आएको छ।

एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेप, सार्वभौम समानता, समझदारी, मित्रता र असल छिमेकीपन हाम्रा सम्वन्धका आधारभुत मान्यता हुन्।

नेपालले शब्दमा मात्र होइन व्यवहारमै एक चीन नीतिलाई दृढतापुर्वक अवलम्वन गरेको छ र नेपाली भूमिमा चीन विरोधी गतिविधि नसहने नीति हाम्रो सम्वन्धको एक आधारभूत कडी हो।

नेकपाको वैदेशिक नीतिमा हामीले यो विषय स्पष्ट ढंगले उल्लेख गरेका छौं। नेपालको आर्थिक सामाजिक विकासमा चीनको सहयोग एकदमै महत्वपुर्ण छ। म चीनको उदार सहयोगको लागि हार्दिक धन्यवाद दिन चाहान्छु।

चिनियाँ सरकार र जनता चीनका महामहिम राष्ट्रपति सि जिन पिङले अगाडि सारेको बिआरआई 'बेल्ट एण्ड रोड'ले नेपालका लागि पुर्वाधार विकासको अपरिहार्य आवश्यकता, कृषिको आधुनिकीकरण, औद्योगिकरण तथा सामाजिक विकासका लागि चाहिने पूँजी र प्रविधिमा पहुच बढाइदिन्छ। त्यसैले बढो सोचीविचारी विआरआइ सम्वन्धी साझा समझदारी पत्रमा मैरै प्रधानमन्त्रीत्वकालमा हस्ताक्षर गरेका हौं।

हालका दिनमा विआरआईको फ्रेमवर्कमा रहेर उच्चतहमा राजनैतिक समझदारी, आर्थिक क्रियाकलाप र सांस्कृतिक तथा जनस्तरको सम्वन्ध निरन्तर विकासित हुन गइरहेको छ।

हालै नेपालका सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारीको चीनको ऐतिहसिक राजकीय भ्रमण, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमण तथा चीनका स्टेट काउन्सलर तथा परराष्ट्रमन्त्री वाङ यी को नेपाल भ्रमणले यो प्रक्रियालाई नयाँ उचाई तिर लगिरहेका छन्।

यस पृष्ठभूमिमा सरकारले यथोचित तयारी गरी चीनको तर्फबाट ऐतिहासिक उच्चस्तरीय भ्रमण गराउने कुरामा हामी विश्वस्त छौं। कुनैपनि राजनैतिक प्रणाली जनताको जीवनस्तर उकास्ने एक साधन मात्र हो, साध्य होईन।

राजनैतिक प्रणाली समाज विकासको विशिष्ट आवश्यकताको उपज हो। त्यसैले इतिहासका विभिन्न कालखण्डमा समाजको विशिष्ट आवश्यकता अनुसार राजनैतिक प्रणाली वा वादको जन्म र विकास भएको पाइन्छ।

युरोपको औंद्योगिक क्रान्ति र पूँजीवादको तीव्र विकाससँगै श्रमको चरम दोहनको जगमा मार्क्सवादको जन्म भयो। मार्क्सवादकै आलोकमा जनवादी क्रान्ति सम्पन्न गरी चिनियाँ विशेषता सहितको समाजवाद निर्माणको मौलिक मार्ग मार्फत आर्थिक विकासको नयाँ उचाई हासिल गरेको चीनबाट मानव जातिले शान्ति, स्थिरता र समृद्धिको उचित अपेक्षा गरेको छ।

चिनियाँ शैलीको समाजवाद बारे अहिले विश्वब्यापी बहस चलिरहेको छ। राजनैतिक रूपमा चिनियाँ कम्युनिस्ट पार्टीले सत्तामा बसिरहने बैधता जनताको अपेक्षा पुरा गरेको आधारमा प्राप्त हुन्छ भन्ने मान्यता राख्छन्।

संसारको कुनै शासन प्रणालीले दिन नसकेको चिनियाँ जनताको आत्मसम्मान, गौरव र तीव्रतम् गतिको आर्थिक विकास जनतालाई चिनियाँ कम्युनिस्ट पार्टीले दियो। ९ करोड सदस्य भएको चिनियाँ कम्युनिस्ट पार्टीका सदस्यहरूको अनुशासनको पालना निक्कै उदाहरणीय रहेको छ।

कम्युनिस्टहरूमा अनुशासन भएन भने कुनै पनि रूपान्तरणको नेतृत्व गर्ने नैतिक शक्ति बाँकी रहँदैन। बिचारको स्पष्टता र संगठनात्मक अनुशासन नै कम्युनिस्ट पार्टीको औचित्यका प्रमुख आधार हुन्।

महासचिव सी जिन पिङको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले गरेको विकासको मूल आधार यसैमा निहित रहेको छ। चिनियाँ शैलीको समाजवादबाट हामीले के सिक्न सक्छौं भन्ने विस्तृत जानकारी विज्ञहरूबाट आज र भोलिको छलफलमा तपाई नेकपाका सदस्यहरूले पाउनु हुने नै छ।

राष्ट्रपति सि ले कनेक्टिभिटि, साझा प्रयत्न, साझा लगानी र उपलव्धीमा साझा स्वामित्वबाट दीगो अन्तर्राष्ट्रिय सम्वन्ध तथा साझा समृद्धि हासिल गर्न सकिन्छ र हाम्रो भविष्य अन्तरनिर्भर छ भन्ने दृष्टिकोण अगाडि ल्याउनु भएको छ।

चिनियाँ शैलीको समाजवादबाट समुन्नत चीन निर्माण गर्ने लक्ष्य हासिल गर्न र चीनको विकासलाई चुनौती ठान्नेहरूसँग बिना शत्रुता विकासको चाहना गरेका तर साधन र क्षमता नभएका विकासोन्मुख मुलुकलाई साथै लिएर अगाडि बढ्न बाटो अवलम्वन गरेको देखिन्छ।

समाजवादमा कम्युनिस्टले जनताको सेवा गरेर उनीहरूको मन जितेर मात्र शासनको बैधता प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ। तर शासनमा बस्नेहरू बिस्तारै अनुशासनमा नबस्ने र जनताको सेवा गर्न भन्दा धनीमानीको पक्षमा वा सुखसुविधामा लागेमा कम्युनिस्टको शासन गर्ने बैधता समाप्त हुन्छ।

त्यसैले जनताको मन जित्न सक्षमलाई नेतृत्व सुम्पने र निरन्तर जनताको समर्थन पाउन अनुशासनमा रहनुपर्दछ। समाज समृद्ध हुनका लागि साँस्कृतिक रूपले समुन्नत हुनुपर्छ भन्ने मान्यताले महान् चिनियाँ सभ्यताको पुनर्जागरणलाई समाजवादी समाज विकासका अपरिहार्य शर्तका रूपमा महासचिव सि जिन पिङले अगाडि सार्नु भएको छ।

यिनै आधारभूत विशेषताका कारण महासचिव सि जिन पिङ बिचार आज विश्वव्यापि बहसको विषय बनिरहेको छ। चिनियाँ कम्युनिस्ट पार्टीको लामो अनुभवबाट समेत शिक्षा लिँदै हामीले नेपाली विशेषता अनुसार कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपालको राष्ट्रिय स्वाधिनतालाई सुदृढ गर्ने र समाजको राजनैतिक, आर्थिक र साँस्कृतिक रूपान्तरण गर्ने प्रयत्न गर्दै आएका छौं।

कम्युनिस्ट पार्टीको नेतृत्वमा नेपाली जनताले चलाएको सशस्त्र र शान्तिपूर्ण संघर्ष एवम् वलिदानको लामो श्रृंखला पश्चात नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको स्थितिमा आइपुगेको छ। इतिहासका सबै सकारात्मक र नकारात्मक अनुभवहरूको समिक्षा सहित नेपालका दुई प्रमुख कम्युनिस्ट पार्टीहरूको एकताले नेपाली जनतामा स्थिरता र समृद्धिको नयाँ आशा र भरोसाको सन्देश दिएको छ।

'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा पुरा गर्न अहिले शान्तिपूर्ण प्रतिष्पर्धा र लोकप्रिय मत सहित सरकारको नेतृत्व गरिरहेको हाम्रो नेपाल कम्युनिस्ट पार्टीले जोड लगाइरहेको छ।

सामाजिक न्याय सहितको आर्थिक समृद्धि मार्फत समाजवादको आधार तयार पार्ने हाम्रो स्पष्ट रणनीति रहेको छ। नेपालको संविधानले नै समाजवाद उन्मुख राज्यको ठोस दिशानिर्देश गरेको छ।

यस सन्दर्भमा आयोजित नेपाल कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीको यो अन्तरसम्वाद कार्यक्रमले एक अर्काका अनुभवबाट सिक्ने र आ-आफ्ना विशेषता अनुसार समाजवाद निर्माणको दिशामा अगाडि बढ्न प्ररणा मिल्ने विश्वास मैले लिएको छु। यस कार्यमा सफलताको शुभकामना सहित आफ्नो मन्तव्य अन्त्य गर्छु।

धन्यवाद।

*(नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री तथा पुष्पकमल दाहाल 'प्रचण्ड', ले सोमबार एक कार्यक्रममा व्यक्त गरेका विचार)*


Why to choose us?

No Load Shading Problem
Sufficient Inverter System

24 Hrs. Internet Facilities

Well-equipped Computer Lab
with Desktop PCs and Laptops

Daily 2 Hrs. Shifts for
Morning, Day & Evening Time

Experienced Instructors

Computer Software Training

Computer Hardware/Maintenance Training

Mobile & Electronics Training

English Language & Tuition



Govt. Regd.
No.: 34623/523

Multichannel Institute

Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# जनकपुरमा प्रतीकात्मक रावण बध र लंकादहन कार्यक्रम सम्पन्न

**काठमाडौं ।** अघिल्लो वर्षहरुमा भैं यसपटक पनि विजयादशमीका भगवती सीताको जन्मस्थान जनकपुरधाममा हुँदै आएको रावण बधसहितका लंकादहन कार्यक्रम गरिएको छ ।

विजयदशमीको अन्तिम दिन मंगलबार साँझ रावणको प्रतिमा निर्माण गरी प्रतिकात्मक रावणको बध र कृतिम लंका दहन जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहले गरेका हुन् । चौध वर्षको वनवासका क्रममा रावणसँग युद्धमा भगवान रामले असत्यमाथि विजय प्राप्त गरेको खुशियालीमा जनकपुरमा रावण बध कार्यक्रम हुँदै आएको छ । प्रत्येक वर्षजस्तै यस पटक पनि जनकपुरस्थित धुनषसागर पोखरीको पूर्वी डिलमा रावण प्रतिक निर्माण गरी निर्माण गरी विभिन्न प्रकारको फटकासहितको सामग्री आगो लगाई दहन गर्दै विजया दशमी पर्व मनाइएको छ ।



पछिल्ला छ वर्षदेखि स्थानीय महावीर युवा कमिटीको पहलमा हुने गरेका उक्त कार्यक्रम यो पटक पनि लंका गरी सम्पन्न भएको छ । प्रतिकात्मक रूपमा तयार पारिएका मानवरूपी भगवान रामले रावण बध र हनुमानले लंका दहन गरेका थिए ।

रावण बध कार्यक्रममा साहले भगवान रामको जीवन संघर्षका साथ अगाडि बढेको स्मरण गराउँदै संघर्ष पछिको फल मिठो हुने गरेको बताए । रावण स्वयं विद्वान रहे पनि सीता हरणका कारण भगवान रामले बध गर्नुपरेको प्रमुख साहले बताए । विगतमा छिमेकी मुलुक भारतमा मात्रै सीमित रहेको सो कार्यक्रम छ वर्षदेखि जनकपुरमा समेत हुँदै आएको छ ।

नागरिक समाज, बुद्धिजीवी, युवा क्लबका प्रतिनिधिसहित उल्लेख्य संख्यामा सर्वसाधारणको उपस्थिति गंगासागर र धनुषसागर पोखरीको बीचमा सम्पन्न रावण बध कार्यक्रम अवधिभर सुरक्षा व्यवस्था समेत कडा पारिएको थियो ।

# भीषण असिनाबाट लाखौं मूल्यको धानबाली क्षति

**काठमाडौं ।** भीषण असिनापानीका कारण म्याग्दीस्थित बेनीमा लगाएको धानबाली, कोदो, फलफुल तथा तरकारी नष्ट भएपछि कृषकहरू चिन्तामा परेको छन् ।



बेनी नगरपालिका-२ ज्यामरुककोटमा परेको भीषण असिनाबाट भित्र्याउने बेलाका १५ हजार मुरी धान उत्पादन हुने खेतमा पूर्ण क्षति पुगेको हो ।

भारी असिनाबाट ७५ लाख बराबरको धानबालीमा क्षति पुगेको बेनी नगरपालिका-२ ज्यामरुककोटका अध्यक्ष हिराबहादुर थापाले बताए ।

बडादसैंका दिन मंगलबार दिउँसो दुई बजेदेखि परेको भारी असिनाका कारण ज्यामरुककोटको गौश्वारा, तमाने, विमिराबोट, फापरखेतलगायत क्षेत्रमा लगाएको धानबाली, कोदो, फलफूल लगायतको बालीमा नस्ट भएको छ । असिनाका कारण स्थानीयवासी भद्रबहादुर रिजालको ५२ मुरी धान उत्पादन हुने खेतको धान बाली पूर्णरूपमा क्षति पुगेको छ ।

त्यसैगरी डम्मरबहादुर पोखेलको २५, लीला जौसीको २५, चन्द्रकान्त शर्माको २५ मुरीलगायत सयौं किसानको खेतमा लगाएको धानबालीमा क्षति पुगेको हो । स्थानीय गौश्वारा, तमाने र विमिराबोटलगायत क्षेत्रका तीन सय घरपरिवारमध्ये १५० घरपरिवारको खेतमा लगाएको धानबालीमा पूर्ण क्षति पुगेको छ भने एक सय पचास परिवारको खेतमा भने आंशिक क्षति पुगेको बेनपा-२ का वडा सदस्य डम्मरबहादुर पोखेलले बताए ।

असिना पीडित भद्रबहादुर रिजालका अनुसार ५२ मुरी धान उत्पादन हुने खेतमा लगाइएको धान असिनाले एक दाना पनि काम नलाग्ने गरी झारेको छ । खेतमा धानको नल मात्र बाँकी रहेको छ भने दाना एउटा पनि छैन ।

बेनपा-२ का वडाअध्यक्ष हिराबहादुर थापाले असिनाका कारण १५ हजार मुरी धान क्षति भएको र यसबाट कृषकलाई ७५ लाख बराबरको नोक्सान भएको बताए । वडाध्यक्ष थापाका अनुसार विपदकालीन बैठक बसेर क्षतिको यथार्थ विवरण सङ्कलन कार्य भइरहेको र एक-दुई दिनभित्रमा वास्तविक क्षतिको विवरण सार्वजनिक गरिनेछ ।

असिनाले धान खेती सखाप पारेपछि स्थानीय कृषकहरू चिन्तित बनेका छन् । उनीहरूले राहत पाउन नसकेमा भोकै मर्नुको विकल्प नरहेको बताएका छन् ।

# मुलुकमै अवसर भए पनि रोजगारी सिर्जना हुन नसक्नु बिडम्बना

**काठमाडौं ।** अन्तर्राष्ट्रिय पर्वत समाजको दोस्रो अधिवेशनमा सहभागी हुँदै राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले रोजगारीका लागि प्रत्येक दिन सयौं युवा विदेशिनु दुःखद भएको बताएका छन् ।

मुलुकभित्रै प्रशस्त रोजगारीको अवसर र लगानीको वातावरण रहे पनि बेरोजगारीको सङ्ख्या बढ्नु बिडम्बना भएको टिप्पणी गर्दै उनले रोजगारी सिर्जनालाई तीनै तहका सरकारले जोड दिनुपर्ने चर्चा गरे ।

अन्तर्राष्ट्रिय पर्वत समाजको दोस्रो अधिवेशनलाई दक्षिण पर्वतको हुवासमा सम्बोधन गर्दै अध्यक्ष तिमिल्सिनाले दुई तिहाई बहुमतको सरकार गठन भएपछि मुलुकमा विकास निर्माणले गति लिएको र लगानीको समेत वातावरण बन्दै गएको विश्लेषण गरे ।

गैरआवासीय नेपालीलाई ऊर्जा, उद्योग, जडीबुटी र पर्यटनको क्षेत्रमा लगानीकर्तालाई आकर्षित गर्न आग्रह पनि गर्दै अध्यक्ष तिमिल्सिनाले सीमित स्रोत साधन र भौगोलिक विकटताका कारण नेपाल आर्थिक रूपमा सवल हुन अझै केही वर्ष लाग्ने पनि बताए ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य पदम गिरीले प्रवासी पर्वतेलीको सङ्गठन अन्तर्राष्ट्रिय पर्वत समाजले जिल्लामा लामो समयदेखि पुऱ्याउँदै आएको योगदानको प्रशंसा गरेका थिए ।

# भुटानी शरणार्थीद्वारा बाढीपीडितलाई सहयोग

**काठमाडौं ।** म्याग्दीस्थित बेनी नगरपालिका-२ बगरफाँटको कोटखोलाका बाढीपीडितलाई अमेरिकाबाट भुटानी शरणार्थीले सङ्कलन गरी पठाएको नगद वितरण गरिएको छ ।

वर्षायामपछि आएको बाढीका कारण विस्थापित भएकालाई बुधबार एक कार्यक्रमका बीच अमेरिकाको न्यूयोर्कस्थित अमेरिकी नेपालीमार्फत संकलित र रकम बाढीपीडितलाई दसैंखर्च स्वरुप प्रदान गरिएको हो ।

गरिएको ३९ हजार ७८३ एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको हो ।

लामो समयसम्म म्याग्दीमा मजदूरको रूपमा काम गरेर हाल अमेरिकामा रहेका चन्द्र आलेमगरको पहलमा सङ्कलन गरिएको आर्थिक सहयोग बेनीमा निर्माण व्यवसायी भरतप्रसाद पौडेलमार्फत बगरफाँटमा आयोजित कार्यक्रममा दिलप्रसाद जुगजाली, रमेश परियार, पार्वती परियार, मायाँ परियार, रस्मी परियार र अनिता परियारलाई प्रतिव्यक्ति रु चार हजारको दरले वितरण गरिएको थियो । विस्तपित भएका सेते किसानलाई छोरीज्वाइँले समेत गरी दसैं खर्च स्वरूप ११ हजार ५०० सहयोग गरेका थिए ।

सहयोग हस्तान्तरण कार्यक्रममा भरतप्रसाद पौडेलले आफूसँग बेनीमा सात वर्षसम्म काम गरेर अमेरिका पुगेका आलेले यहाँको समस्याका बारेमा जानकारी पाएपछि सहयोग गरेको बताउनुभयो । बाढीबाट विस्थापितलाई राहत सहयोग भइहे पनि पुनःस्थापनाको अझै टुङ्गो लागेको छैन । पूर्णरूपमा विस्थापित दुई परिवार अहिले पनि सरस्वती आधारभूत विद्यालयको कोठामा बसेका छन् ।

# आलु र काँक्राको अचार खाँदा दर्जनौं बिरामी

**काठमाडौं ।** सुर्खेतस्थित वीरेन्द्रनगर नगरपालिका-११, पिपिराका स्थानीय रामप्रसाद लामिछानेको घरमा आयोजित दसैं भोजमा अचार खाँदा दर्जनौं विरामी परेका छन् ।



लामिछानेको घरमा बनाइएको अचार खाँदा उनका परिवारका सदस्यसहित टीका थाप्न आएका पाहुना समेत ३१ जना विरामी भएका हुन् ।

आलु र काँक्राको अचार खाएलगत्तै भोजमा सहभागी विरामी पर्न थालेको स्थानीयवासी हिमप्रसाद पौडेलले जानकारी दिए । विरामीहरूको बुधबार दिउँसोदेखि विभिन्न स्वास्थ्य संस्थाहरुमा उपचारका लागि भर्ना गरिएको छ ।

उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूका अनुसार विरामीहरूमा झाडाबान्ता हुने, रिङ्गटा लाग्ने, ज्वरो आउने, रक्तचाप कम हुने लक्षण देखिएको छ । तीमध्ये तीन जनाको अवस्था गम्भीर रहेको र केही भने उपचारपछि घर फर्किसकेका स्वास्थ्यकर्मीहरुले बताएका छन् ।

माया नर्सिङ होमका डा कृष्णदेव गिरीले 'फुड प्वाइजन' को समस्या देखिएपछि अचारको नमूना परीक्षण गरेपछि मात्र समस्या पहिचान हुने बताइएको छ ।

## – संक्षिप्त समाचार –

# चिनियाँ राष्ट्रपतिको राजकीय भ्रमण : सुरक्षा व्यवस्था कडा

**काठमाडौं ।** परराष्ट्रमन्त्रालयले चिनियाँ राष्ट्रपति सी जिनफिङ नेपाल आउने भएपछि सुरक्षा व्यवस्थालाई कडा बनाइएको जानकारी दिएको छ ।



दुई दिने भ्रमणका लागि शनिबार नेपाल आउने भएपछि राष्ट्रपति सि नेपाल आउने भएको परराष्ट्र मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै जानकारी गराएको हो ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीले चिनियाँ राष्ट्रपतिको सुरक्षाका लागि काठमाडौं उपत्यकाको सुरक्षा व्यवस्थालाई कडा पारिएको हो ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीले चिनियाँ राष्ट्रपतिको सुरक्षाका लागि आवश्यक तयारी भइरहेको जानकारी दिए । 'चिनियाँ राष्ट्रपतिको भ्रमण तालिका हेरेर आवश्यक प्रहरी खटाउने व्यवस्था मिलाएका छौं, उनको सुरक्षामा कुनै कमी हुन दिँदैनौं', उनले थपे ।

प्रहरीले सी चिनफिङको सुरक्षाका लागि उपत्यका बाहिरबाट समेत थप जनशक्ति झिकाउने तयारी गरेको छ । पहिलो घेरामा नेपाली सेना, दोस्रो घेरामा नेपाल प्रहरी, तेस्रो घेरामा सशस्त्र प्रहरी बल र चौथो घेरामा राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी रहने बताइएको छ ।

# घोडालाई भेडाको बली : भक्तपुरमा दशमीजात्रा सम्पन्न

**काठमाडौं ।** विजया दशमीको मध्यरातिबाट शुरु गरिएको भक्तपुरस्थित तलेजु भवानीको बाहन सेतो घोडाजात्रा सम्पन्न भएको छ ।

विजया दशमीको राति तलेजु भवानीका चार मूल नाइके आचाजु, जोशी र राजोपाध्यायबाट तान्त्रिक विधिअनुरुप कालरात्रि पूजा, टीका साइत पूजा र विसर्जन पूजा सम्पन्न गरेपछि मध्यरातिबाट सेतोघोडा जात्रा देखाइने मूल नाइके नरेन्द्रप्रसाद जोशीले बताए ।

जात्रा शुरु हुनुअघि सेतो घोडालाई एउटा भेडा बलि चढाएपछि जात्रासहित भक्तपुर परिक्रमा गरी दशमीको राति वर्षमा एकदिन चन्द्रमासको गतिअनुसार तलेजु र नवदुर्गा भवानीसहित खड्ग जात्रा (पायो जात्रा) गरिएको बताए ।

महिषासुर दानवमाथि विजय हासिल गरेपछि तलेजुले आफ्नो बाहन सेतो घोडामा सिँगारिएर तलेजु भवानी खुशियाली मनाउन नगर परिक्रमा गरेको भन्ने जनविश्वासअनुसार यो जात्रा मनाउने गरिएको पनि जोशीको भनाइ छ ।

राति तलेजुको मूल चोकबाट सेतो घोडालाई बाहिर ल्याएपछि भक्तपुर नगरको तल्लो दरबार क्षेत्रबाट भार्वाचो, वंशगोपाल, भूजिकोखा, नारायणचोकसम्म र माथिल्लो दरबार क्षेत्रबाट दत्तात्रय, तौमढी हुँदै नारायणचोकसम्म घुमाइ जात्रा सम्पन्न भएको हो ।

# बाबुको मृत्यु, आमाछोरा पक्राउ

**काठमाडौं ।** पारिवारीक विवादका कारण आफ्नै बाबुलाई कुटपिट गरी हत्या गरेको आरोपमा छोरा र मृतककी श्रीमती प्रहरीको फन्दामा परेका छन् ।



सप्तरीको महादेवा गाउँपालिका- १ का ६२ वर्षीय वृद्ध बाबुलाई कुटपिट गरी फरार भएका स्थानीय २३ वर्षीय नहिम पमरिया र उनी आमा ५० वर्षीया जमुनी खातुनलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी नायव उपरीक्षक तिलक भारतीका अनुसार मदिराको सुरमा कान्छा छोरा नहिमले बुबा गफुर पमरियालाई कुटपिट गर्दा उनको मृत्यु भएपछि आमा र छोरा दुवै फरार भएका थिए ।

हत्यामा दुवैको हत्यामा संलग्नता रहेको गाउँलेहरूले आशंका गरेपछि नियन्त्रणमा लिई अनुसन्धान थालेको प्रहरी नायव उपरीक्षक भारतीले जनाए ।

# सहाराको खोजी

**– कथा –**

**चन्दा थापा**

'किन बिहे गरें होला' भन्दै कमला घरको छतमा गई गालामा हात राख्तै बस्छे, उसका आँखाभरी आँशु टलपलिन्छनर । उसलाई ज्वरो बिग्रिएर टाइफाइट भएको छ । अस्पताल गई औषधि ल्याएर खान्छे तर पनि निको हुँदैन । उसका श्रीमानर रातदिन रक्सी खाँदै होटलमा तास खेलेर बस्छनर तर कमलाका निम्ति एक गिलास तातोपानी तताएर समेत दिँदैननर ।

जीवनभर साथ दिन्छु भन्दै कमस खाने जीवनसाथीले यसरी बिरामी अवस्थामा रहँदा समेत पानीसम्म पिउन दिँदैननर भन्ने कमलाले सपनामा पनि सोचेकी थिइन । ऊ आत्तिन्छे, रुन्छे, अनि आफ्नै भाग्यलाई दोष दिन्छे । घर पारि डाँडामा हेर्छे- उसलाई हरियो डाँडा पनि उजाड भएजस्तो लाग्छ । उराठ लाग्छ जतातते । बाँच्नुको अर्थ के हो भन्दै ऊ रुन्छे, फेरि सोच्छे- के यही नै हो त मेरो जिन्दगी ?

उसका श्रीमानर छतमा आइपुग्छनर ।

के गरेर बसेकी ? हिँडर तल, तँलाई रोटी बनायदिएको छु ।

कमला झसङ्ग हुन्छे । ऊ त खोई कुन संसारमा हराएकी छे । उसका श्रीमानर भुतभुताउँदै तल झर्छनर । ऊ भऱ्याङबाट झर्दाझर्दै त्यहीं लडरछे । कमलाको आँखाभरि कालो बादल छाउँछ । घामको उज्यालो छाइरहेको वातावरणमा पनि उसलाई चारैतिर अँध्यारो लाग्छ । फेरि विस्तारै उठरछे तर ज्वरोका कारण साह्रै आत्तिन्छे ।

ऊ सोच्छे- आज कताबाट उनको मनमा मप्रति माया पलाएछ ? ऊ तल झर्छे, कतै रोटी देखिँदैन र सोध्छे- खोइ त रोटी बनाएको ?

तँलाई केको रोटी बनाइदिने ? माथि छतमा गएर केटाहरू हेरि बस्छेसर, त्यसैले तल बोलाएको ! कमला कोठामा गई घोप्टो परेर रुन्छे- हे भगवानर ! यो के को सजायँ दिँदैछौ ? कुन जुनमा मैले के पाप गरेकी थिएँ र आज विश्वासै नगर्ने जीवनसाथीसँग जिन्दगीको नाता गाँसिदियौं ? रुँदारुँदै कपडा लगाएर ऊ बाहिर आउँछे ।

म माइत जान्छु ।

किन जानुपऱ्यो माइत ?

बाआमालाई भेटरन ।

किन अरुलाई नै भेटरन जाने सुर छ ? जानु पर्दैन ।

झगडा गर्दागर्दै कमला टेम्पो चढेर स्टपतिर लाग्छे र बस चढरछे । बस अगाडि बढरछ । ऊ मनभरि अनेकौं कुरा सोच्छे- फेरि साँझ त यही घरमा फर्कनु छ । किन झगडा गरेर हिडें होला ? फेरि साँझमा पिटरने पो हुन कि ? ओ हो ! कसरी जीवन बिताउने होला, यसरी रातदिन झगडा गरेर ? उनको मनमा हेर कपल मप्रति शङरका-उपशङरकाले मात्र जन्म लिन्छनर । आखिर मलाई किन विश्वास गर्दैननर होला ? यस्तै तन्द्रामा डुबिरहँदो कसैको आवाज सुनेर झसङरग हुन्छे ।

कहाँ पुग्नुहुन्छ हुन्छे ?

जोरपाटी ?

तपाईं नि ?

बौद्धसम्म पुग्छु ।

जोरपाटी कहाँ पुग्नुहुन्छ ?

म माइत जाँदैछु ।

शुभनामम भन्न मिल्ला ?

मेरो नाम कमला ।

तपाईंको नाम नि ?

मेरो रविन्द्र ।

'माइत जाँदैछु भन्ने जवाफले युवक अचम्ममा पर्छ । के तपाईंको बिहे पनि भैसक्यो र ? तपाईं त सानै पो देखिनु हुन्छ । किन यति छिटो बिहे गर्नुभो ? उसको कुरा सुनेपछि कमला मनमनै सोच्छे- शायद यो गरिबीले पनि तिमी सानै छरयौ, अहिले बिहे गर्नु हुँदैन भनेको भए त मैले आज यसरी जिउँदो लास भई बाँच्नु पर्ने थिएन  होला नि ?

युवक फेरि सोध्छ- कमलाजी, माइतबाटचाहिँ कहिले फर्कनु हुन्छ नि ?

शायद आजै फर्कन्छु ।

अलिक अप्ठरयारो मान्दै युवक आग्रह गर्छ- कमलाजी, तपाईं अन्यथा सोच्नुहुन्न भने भरे सँगै फर्कौं न हुँदैन ?

हजुर पनि आजै फर्कनु हुन्छ र ? के कति कामले आउनुभएको हो ?

म बिस्कुट कम्पनीमा मार्केटिङ म्यानेजर छु । मार्केटिङकै कामले यता आएको ।

कन्डक्टर चिच्याउँछ-

ल-ल, को को हुनुहुन्छ, बौद्धमा झर्ने ? छिटो झर्नुसर ।

ल त कमलाजी, जानोस है ।

हुन्छ, रविन्द्रजी, धन्यवाद ।

मकलाजी, साँझ सँगै फर्कौं न है ?

किन नहुने, बरु हजुरलाई कहाँ भेटरन सकिएला ?

यहीं गुम्बामा आउनोसर न, हुँदैन ?

हुन्छ । ल त त्यहीं भेटौंला ।

बस अघि बढरछ । जोरपाटी पुग्न बाटो धेरै बाँकी थिएन तर कमला युवकका कुराहरू सम्झिएर टोलाइरही । कतिबेला जोरपाटी आयो, उसलाई गाहै भएन । कन्डक्टरले ल-ल जोरपाटी... भन्दा ऊ झसङरग पस्छे । एकैछिनमा माइत पुग्छे र बाआमालाई नमस्कार गर्छे । एक्कासी कमलालाई देख्दा कमलाकी आमा अचम्म पर्छिन- के भयो छोरी तिमीलाई ? किन यसरी दुब्लाएकी ? आमाका आँखाभरि आँशु छचल्किन्छनर । कमला सम्झाउँछे- नरुनोसर न आमा । ज्वरो आएर टाइफाइड भएको थियो । तीनसय रूपैयाँको औषधि खाएँ तर निको भएन ।

कमलाका बाले सोधे- ज्वाईंले अझै पनि त्यस्तै गर्नुहुन्छ ?

कमलाले जवाफ दिई- अझै पनि त्यस्तै हो बा । के गर्ने ? मैले त सकिनँ, म हारिसकें- उनीसँग अनि आफ्नो जिन्दगीसँग ।

अब त्यहाँ नजाऊ छोरी, तिमीले सधैं रुनुपर्छ भने किन जाने ?

होइन बा, म जान्छु । फेरि दुनियाँको हाँसो हुन्छ ।

उसको कुरा पनि ठिकै थियो । रातदिनको झगडाले उसलाई घर जाने मन त थिएन तर पनि ऊ विवेकी देखिई-समाजको चलन, छोरीको जुनी लिएर जन्मेपछि पराइघर जानै पर्ने । पराइघर गैसकेकी चेली माइतीघरमै बस्दा समाजमा हाँसोको पात्र भइन्छ, बरु दुःख-सुख गरेर घरमै दिन काटरछु ।

धेरै दिनपछि आज कमलाले बाआमासँगै दूध र भात खाई । दूधभातसँगै उसका आँखाबाट बगेको नुनीलो आँशु मिसिन्छ, ऊ सोच्छे- शायद बाआमाले कलिलै उमेरमा मेरो बिहे नगरिदिएर मलाई पढाउनु भएको भए मैले रातोदिन रोएर बाँच्नुपर्ने थिएन होला । उफ, कस्तो जिन्दगी ।

खाना खाइसकेपछि कमला भन्छे-

आमा म जान्छु ।

आज सजाऊ छोरी । भोली जानु ।

हुन्दैन आमा, जानुपर्छ । उनी तास खेलेर बस्छनर ।

हुन्छ त राम्रोसँग जाऊ । आफ्नो ख्याल राख्नु ।

कमला सबैसँग  बिदा भई टेम्पो चढेर बौद्धसम्म पुगी उत्रन्छे र गुम्बातिर लाग्छे । होटलमा बसिरहेको रविन्द्रलाई कमला परैबाट देख्छे ।

रविन्द्रजी नमस्कार ।

नमस्कार । कमलाजी आउनुभयो ?

हजुर म आएँ ।

चिया पिउनोसर कमलाजी ।

हजुरको काम सकियो ?

सकियो, कमलाजी ।

त्यसोभए जाऊँ । फेरि घर पुग्न ढिला हुन्छ ।

दुवैजना बस चढरछनर र एउटै सिटमा बस्छनर । त्यस युवकलाई कमला आफ्नो अतीत सुनाउँछे । युवक अचम्म मान्दै सुन्छ । कमला अचानक भन्छे- के तपाईं जिन्दगीमा मलाई सहारा दिन सक्नुहुन्छ त ?

अफकोर्स । किन नदिनु ?

युवक आत्तिन्छ- होइन कमलाजी, फेरि भेटेर कुरा गरौंला । जीवनसाथी रोज्न यति हतार गर्नु हुँदैन । कमला खुसी हुन्छे तर सोच्न सक्दिन- जब जीवनभर साथ दिन्छु भन्ने जीवनसाथीले त साथ दिँदैन भने बसमा सँगै यात्रा गर्दा, क्षणिक भेटरमै प्रभावित हुनेले जीवनभर साथ दिन सक्ला त ?

कमला जिद्दी गर्छे- मलाई आजै तपाईंको घरमा लिएर जानोसर न, प्लिज...। ऊ रुन थाल्छे किनकि उसलाई आफ्नो मानिएको त्यो घरमा जानै मन छैन । त्यहाँ फेरि उही झगडा, उही पिटाई अनि अमानवीय व्यवहार । सब सम्झने ऊ पागलजस्तै बन्छे । बिहान पनि ऊ लोग्नेसँग झगडा गरेर आएकी थिई, अहिले फेरि त्यहीं फर्केर जान कसरी लागूनर उनका खुट्टा ।

जिन्दगीदेखि हार खाइसकेकी कमला कैयौं पटक नदीमा हाम फालेर आत्महत्याको असफल प्रयास गर्छे । किन बाँच्नु ? कसका निम्ति बाँच्नु ? फेरि कसैको मायामा यो अमूल्य जिन्दगी अल्झाउन सकिन्छ कि भन्ने झिनो आशाका साथ सो युवकसँग ऊ सहारा माग्छे तर उसको गन्तव्य भने अर्कैतिर थियो । बसबाट ओर्लिएर युवक क्षणभरमै आफ्नो बाटो लाग्छु ।

ऊ सोचमग्न हुन्छे- आखिर मलाई यो के हुँदैछ ? कुन सोचाइमा छु म अहिले ? म सपनामा छु कि विपनामा ? कमला आफैंलाई पागल ठान्छे । दिनदिनैको घरायसी झगडाले बेहोस भएकी कमला हरेक रहर र चाहनाहरूलाई मनभित्रै डँढेलो लगाई मुहारमा बनावटी हाँसो ल्याएर हाँस्छे ।

फूलजस्तै थियो जीवन तर आज काँडाजस्तै भई मुटुभरि बिझाउँछ भन्दै कमला यसभित्रै रुन्छे र आत्मग्लानी गर्छे । आखिर किन मैले त्यस युवकसँग सहारा मागे, म भन्दैछु, म के गर्दैछु, कहाँ जाँदैछु, कोसँग के कुरा गर्दैछु, म आफैंलाई थाहा छैन भन्दै ऊ रुन्छे ।

बस रोकिन्छ । बसबाट झरेर टेम्पो चढी कमला घर पुग्छे ।

उनका श्रीमानर अझै पनि तासर खेलेर नै बसिरहेका छनर ।

*(ऐक्यबद्धता मासिकबाट)*

# तीन जुवाडे पक्राउ, तीन फरार

**काठमाडौं ।** बाँकेस्थित कोहलपुरमा जुवा खेलिरहेको तीन छ जनामध्ये तीन जुवाडे प्रहरीको फन्दामा परेका छन् ।

नेपाल प्रहरीले  कोहलपुर-११ का पुष्पराज खनालको घरमा जुवा चलिरहेको सूचनाका आधारमा  छापा मार्दा ९८ हजार रुपैयाँसहित ती जुवाडे प्रकाउलाई पक्राउ गरेको हो ।  जुवा खेलिरहेको तीन जुवाडे भने भागेर फरार बनेको प्रहरीले जानकारी दिएको छ ।

बाँके प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक शिवबहादुर सिंहका अनुसार स्थानीय उमेश शाही, केशवराज क्षेत्री र नरबहादुर खत्री ९८ हजार दुईसय नगदसहित पक्राउ परेको हुन् ।

यस्तै प्रहरीले राजधानी काठमाडौंबाट दुई लाख चौध हजार नगद सहित एघारजना जुवाडेलाई पक्राउ गरेको छ । महानगरीय प्रहरीवृत्त महाराजगञ्जको टोलीले टोखा नगरपालिका-११ गोंगबुमा रहेको पूर्ण लिम्बूको कोठामा जुवा खेलिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको हो ।

वृत्तका प्रमुख, प्रहरी नायव उपरीक्षक उमेश लम्सालले ठूलो नगद हारजित हुने गरी जुवा खेलिरहेको अवस्थामा प्रहरीले उनीहरूलाई पक्राउ गरेको जानकारी दिए । प्रहरीले पक्राउ परेकासँग तास र नगद दुई लाख चौध हजार बरामद गरेको छ ।

# चिकित्सकको अभावमा भारत पुगेर चर्को मूल्य तिर्न बाध्य

**काठमाडौं ।** दरबन्दीका चिकित्सक पदपूर्ति नहुँदा विरामीका आफन्तले चर्को मूल्य तिरेर भारतमा उपचार गराउन बाध्य बन्दै आएका छन् ।



कञ्चनपुरको भीमदत्त नगरपालिका १८ मा रहेको महाकाली अस्पतालमा चिकित्सकको अभाव  दरबन्दीका चिकित्सक नआउँदा बिरामीले भारतीय निजी अस्पतालमा चर्को मूल्य तिरेर उपचार गराउनु परेको गुनासो व्यापक बनेको छ ।

उक्त अस्पतालमा २८ जना चिकित्सकको दरबन्दी भए पनि प्रसुति रोग विशेषज्ञ हरिकुमार श्रेष्ठ र छाला रोग विशेषज्ञ शम्भु जोशी गरी दुई चिकित्सक मात्रै कार्यरत छन् । अस्पतालमा डेन्टल नवौं तहका सात मेडिकल अधिकृत, १०औं तहका १६ र ११औं तहका चार चिकित्सकको दरबन्दी भए पनि अन्य सबै दरबन्दी रिक्त अवस्थामा रहेको अस्पतालका सूचना अधिकारी केशवदत्त अवस्थीले जानकारी दिए ।

चिकित्सा परिचालन निर्देशनालयबाट चार मेडिकल, दुई डेन्टल अधिकृत र अस्पताल व्यवस्थापन समितिबाट एक चिकित्सक मात्रै कार्यरत रहेका अवस्थीले बताए । अस्पतालमा सामान्य रोगका विरामी बाहेक गम्भीर प्रकृतिका विरामीलाई उपचारका लागि अन्यत्र सिफारिस गरिँदै आएको छ । अस्पतालमा रहेका उपकरणहरू चलाउने जनशक्ति नहुँदा समेत समस्या भएको छ ।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
रामेछाप पोष्ट
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
जनप्रवाह साप्ताहिक
खोजीखोजी पढ्ने गरौं ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- अपराध पीडितलाई पीडकबाट क्षतिपूर्ति भराई दिने, मुद्दा फैसला नहुँदै अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने तथा सामाजिक न्यायसहितको पुनर्स्थापनाको हक हुने,
- बालबालिकालाई कसुर गर्न लगाएमा कसुर गर्न लगाउने व्यक्तिलाई सजाय हुने,
- कसुरदारले अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियामा सघाउ पुऱ्याएमा पचास प्रतिशतसम्म सजाय छुट हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## सिको...

एक अगष्टमा औपचारिक रूपमा कूटनीतिक सम्बन्ध स्थापना हुनुभन्दा शताब्दीऔंअघि मुलुकका राष्ट्रिय निधि भृकुटी र अरनिकोले जोडेको दुई छिमेकीबीचको ऐतिहासिक सम्बन्ध वर्तमान युगमा अझ सुमधुर, सुदृढ र समुन्नत बन्दै झाँगिएर जानेमा सारा नेपालीहरु विश्वस्त देखिन्छन् ।

विगतमा सन यात्सेन र माओत्से तुङलगायत चिनियाँ नेताले चीनको विकास र नेपालसँगको सम्बन्ध विस्तारमा पुऱ्याएको विशेष योगदानलाई निरन्तरता दिँदै नेपालको समृद्धि र प्रगतितर्फको यात्रामा सघाउने मनसायले समस्यारहित नेपाल र चीनको पारस्परिक मैत्रीलाई राष्ट्रपति सीको आगमनले झनै प्रगाढ बनाउने विश्वास लिइएको छ । सरकारले २३ वर्षपछि हुन लागेको जनवादी गणतन्त्र चिनका राष्ट्रपति सि जिनफिङको शनिबारदेखि हुने लागेको दुई दिने नेपालको राजकीय भ्रमणलाई विशेष महत्त्वका साथ हेरेको छ।

चिनियाँ राष्ट्रपति सीको यही असोज २५ र २६ गते हुने नेपालभ्रमणका क्रममा नेपाली समकक्षी राष्ट्रपति भण्डारीले भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

यसैबीच राष्ट्रपति भण्डारीले चिनियाँ समकक्षी सी एवं उनको नेतृत्वमा रहेको भ्रमण प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गराउने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। सोही क्रममा चिनियाँ विशिष्ट पाहुना सीले प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्रतिनिधिमण्डल स्तरमा हुने औपचारिक वार्तापछि राष्ट्रपति सी र प्रधानमन्त्री ओलीको समुपस्थितिमा दुईपक्षीय सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर हुने परराष्ट्र मन्त्रालयले उल्लेख गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको परराष्ट्र मामिला सल्लाहकार डा राजन भट्टराईले यसबारे जानकारी दिएका हुन् । राजधानीमा आयोजित एक अन्तरक्रिया कार्यक्रममा भट्टराईले सम्झौताका लागि अहिले दुवै देशका उच्चस्तरीय अधिकारीबीच संवाद निरन्तर भइरहेको जानकारी दिए।

सोही क्रममा केरुङ-काठमाडौं रेल्वेसम्बन्धी सम्झौता हुने परराष्ट्रमन्त्रालयले बताएको छ। यसअघि नेपालका राष्ट्रपति र प्रधानमन्त्रीले चीनको राजकीय भ्रमण गरेको र नेपालको राष्ट्रपतिको निम्तो स्वीकारेर चिनियाँ राष्ट्रपतिले गर्ने भ्रमाणले दुई देशका साथै जनताबीच बलियो सम्बन्ध बनाउने बताउँदै उनले कूटनीति र आर्थिक क्षेत्रमा नेपालको परराष्ट्र नीति सुदृढ रहेको र सोहीअनुसार सफलता कायम हुँदै गइरहेको बताए।

सोही दिन चिनियाँ राष्ट्रपतिले राष्ट्रपति, प्रधानमन्त्री र विभिन्न दलका नेतासँग शिष्टाचार भेटवार्ता गर्ने कार्यतालिका रहेको जनाइएको छ।

चिनियाँ राष्ट्रपतिसँग नेपालका विभिन्न राजनीतिक दलका वरिष्ठ नेताहरूले बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम छ।

नेपाली काङ्ग्रेसका नेता एवं पूर्वपरराष्ट्रमन्त्री डा प्रकाशशरण महतले चिनियाँ राष्ट्रपतिले हुने लागेको भ्रमणलाई पार्टीले स्वागत गर्ने बताएका छन्। उनले चीन नेपालको छिमेकी मित्रराष्ट्र मात्रै नभएर एउटा नजिकको मित्र भएको हुँदा पारस्परिक हितमा सम्बन्ध विकास गर्नुपर्नेमा जोड दिए।

सरकारले बीआरआई परियोजनालाई कुशलतापूर्वक कार्यान्वयनमा ध्यान दिनुपर्ने सुझाव दिँदै उनले चिनियाँ लगानी नेपालमा आमन्त्रण गर्न सकिए दुई देशबीच रहेको व्यापार घाटा घटाउन सकिने विचार व्यक्त गरे।

## महरालाई...

आन्दोलन, हामीले लडेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्र र हामीले परिकल्पना गरेको महिलामुक्ति तथा उन्नत संस्कृतिको प्रश्नसंग जोडिएको विषय पनि हुनाले यहाँ केही बोल्ने धृष्टता गरेको छु।

१. माओवादी नेतृत्व तहमा हामी (विशेषत : प्रचण्ड र म) सुरेश वाग्ले र तपाईंलाई उच्च नैतिकवान् र इमान्दार पात्र मान्थ्यौं। हामी वीच विवाद पर्दा तपाईं दुइ जनाको कुरालाई हामीले विशेष महत्व दिन्थ्यौं। प्रचण्ड र मेरो वीचमा २०५५/५६ मा पहिलो ठुलो वैचारिक/सांगठनिक बहस हुँदा २०५६ साउनरभदौमा पन्जाबको रोपडमा भएको पोलिटब्युरो बैठकमा तपाईं दुइजनाको सुझाव मानेर हामीले विवाद हल गरेका थियौं। (दुर्भाग्यवश त्यो बैठक सकेर फर्कने वित्तिकै भदौ २३ गते गोरखामा सुरेश वाग्लेले गौरवपूर्ण सहादत प्राप्त गर्नुभएको थियो) पछि पोष्टबहादुर बोगटी र तपाईं पार्टीका आदर्श पात्र मानिन थाल्नुभयो। २०७१ सालमा बोगटीजीको दुःखद निधन र पार्टीको क्रमशः ओरालो लाग्दो नैतिक धरातलले आम जनतालाई समेत माओवादी आन्दोलनप्रति वितृष्ण बनाउँदै लग्यो। काँग्रेस/एमाले पहिले नै भ्रष्टाचार र सुरासुन्दरी काण्डले बदनाम भैसकेका थिए। तपाईंको यो पछिल्लो प्रकरण त्यसैले तपाईंको एउटा निजी मामिला मात्र नभएर नेपालको क्रान्तिकारी आन्दोलनको वैचारिक-राजनीतिक र नैतिक संकटको एउटा अत्यन्त नकारात्मक बिम्ब बन्न पुगेको छायसलाई तपाईं हामी सबैले स्वीकार्नैपर्छ।

२. माओवादी आन्दोलन यो रसातलको बिन्दुसम्म कसरी पुग्यो ? त्यसको सांगोपांगो विश्लेषण र संश्लेषण छुट्टै गरौंला। हामीले नेपाली क्रान्तिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको शिखरसम्म पुऱ्याएकै हो। यसमा हामीले सामुहिक गर्व गर्नुपर्छ। तर रोजा लक्जेम्बर्गले भने झैं क्रान्ति स्थीर भएर बस्दैनस कि त त्यो अघि बढाइनु र बढ्नु पर्छ, नत्र त्यो पछाडि हट्छ। त्यस्तै अर्को भनाइ छ- शिखर चढ्न सजिलो हुन्छ तर त्यहाँ टिक्न गाह्रो हुन्छ। अझै अर्को भनाइ छ- क्रान्ति सम्पन्न भएको भोलिपल्ट हिजोका क्रान्तिकारीहरू प्रन्तिक्रान्तिकारीमा बदलिन्छन्।

यहीँनेर हामी चुक्यौं ? मैले यो एउटा शिखर चढेपछि अर्को शिखर चढ्न नयाँ बाटो खोजौं भनेको थिएँ। तर मैले साथीहरूलाई मनाउन सकिनँ। साथीहरू पुरानै शिखरमा बसिराख्न खोज्नुभयो तर वैज्ञानिक रूपमा त्यो सम्भव थिएन। त्यसैले अब क्रमशः साथीहरू पुरानो शिखरबाट खुर्मुरिइरहनु भएको छ। तपाईं (महराजी)को पछिल्लो प्रकरण त्यसैको एउटा नमूना हो।

३. यो प्रकरणमा तपाईं दोषी हुनुहुन्छ वा हुनुहुन्न म किटेर भन्न सक्दिनँ। सत्य कि तपाईंलाई थाहा छ कि सम्बन्धित महिलालाई थाहा छ। तर अहिलेसम्म बाहिर आएका कुराबाट शंकाको सुई तपाईंतिर सोझिन्छ। हामीले एसएलसीमा पुष्कर शमशेरको 'परिबन्द' कथा पढ्थ्यौं। त्यहाँ परिबन्दले निर्दोष व्यक्ति दोषी ठहरिन्छ।

यौन मामिलामा महान् व्यक्तित्वहरू पनि कसरी चुक्छन् भन्नेवारे स्कूलमा पढ्दा गुरूले सुनाएको यो संस्कृत श्लोक सम्झिन्छु;

'विश्वामित्र परासर प्रभृत्तयो वाताम्बु पर्णाशना।

तेपिस्त्री मुखपंकजं सुललितम् दृष्ट्वैव मोहम् गता ॥

साल्यान्नम सघृतम् पयोदधियुतम् भुन्जन्ति ये मानबास् ।

तस्याम इन्द्रीय निग्रहो यदि भवेत् विन्ध्यस्तरेत् सागरम् ॥'

तर प्राकृतिक कारण र ऐतिहासिक उदाहरण दिएर सामाजिक दायित्व बहन गर्ने मान्छेले यौन उच्छृंखलता गर्न मिल्दैन। अझै गम्भीर कुरा त महिलालाई उपभोग्या वस्तुको रूपमा प्रयोग गर्नु र सत्ताशक्ति र धनको वलमा महिलाको अस्मिता हरण र यौनशोषण गर्नु कानूनी दृष्टिले समेत दण्डनीय हुन्छ।

हाम्रो जस्तो पितृसत्तात्मक समाजमा अधिकांश रूपमा महिला नै पीडित हुने भए पनि कहिलेकाहिँ पुरूष पनि उत्पीडन वा प्रतिशोध र षड्यन्त्रको जालमा पर्नसक्छ। तपाईंको हकमा पनि अन्यथा भएको हुनसक्छ। त्यस निम्ति पनि तपाईंले सत्यतथ्य बाहिर ल्याएर कानून बमोजिम न्यायको निरूपण गर्न र आफुलाई निर्दोष सावित गर्न स्वतन्त्र र निष्पक्ष अनुसन्धानको माग गर्नुपर्छ र त्यसलाई सघाउनुपर्छ। त्यसले तपाईंको प्रतिष्ठा घटाउने हैन बढाउनेछ।

यदि जानेर वा नजानेर गल्ती वा अपराध भएको हो भने त्यसलाई खुला रूपले स्वीकार्नु र प्रायश्चित्त गर्नु नै तपाईं स्वयम्, क्रान्तिकारी आन्दोलन र देशको हितमा हुनेछ। भनिन्छ- गल्ती गर्नु अपराध हैनस गल्ती नसच्याउनु अपराध हो।

*तपाईंको शुभेच्छुक,*

*बाबुराम*

## सार्क...

बताए। मन्त्री पोखरेलका स्वकीय सचिव पुरन केसीका अनुसार उनले उच्चशिक्षाको सुधारका लागि सार्क क्षेत्रको साझा प्रयास हुनुपर्ने र यसअघि विश्वस्तरमा सम्पन्न शिक्षामन्त्रीहरूको इन्चोन बैठक र घोषणापत्रपछि नेपालले प्राविधिक शिक्षा क्षेत्रमा उच्च प्राथमिकता दिएको टिप्पणी गरे।

तेस्रो बैठकले दीगो विकासका लागि सन २०३० सम्म सार्क राष्ट्रका लागि शिक्षाको कार्यान्वयन कार्यढाँचालाई अनुमोदन गरी १० बुँदे माले घोषणा पत्र जारी गरेको छ। उक्त घोषणापत्रमा सर्वव्यापी प्राथमिक शिक्षा, शिक्षामा सबै प्रकारका लैङ्गिक विभेदको उन्मूलन सबै तहको शिक्षामा गुणस्तर सुधारलगायतका विषयमा पुनः प्रतिबद्धता जाहेर गरेको छ।

दिगो विकासको चार-लक्ष्य; सन २०३० सम्म शिक्षाका लक्ष्यहरूको प्राप्तिका लागि सार्क सदस्य राष्ट्रबीचको सहकार्यलाई सुदृढ बनाउँदै सार्क कार्यढाँचालाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजाने उल्लेख छ।

## अर्थमन्त्री...

र लगानीका विषयमा छलफल गरेका छन्।

अर्थमन्त्री डा. खतिवडाले भारतीय सहयोगमा सञ्चालित विभिन्न आयोजनाको कार्यान्वयन अवस्थाबारे जानकारी गराए। भूकम्पपछिको पुनर्निर्माणका लागि भारतले उपलब्ध गराउने सहुलियतपूर्ण ऋणलाई पूर्वाधार क्षेत्रमा समेत उपयोग गर्ने गरी तय गरिएका आयोजनाहरूको विषयमा उनले जानकारी गराए।

साना विकास अनुदान आयोजना, हुलाकी सडक, एकीकृत चेकपोस्टको कार्यान्वयन अवस्थाबारेमा समेत अर्थमन्त्री खतिवडाले जानकारी गराए। नेपाल इन्फ्रास्ट्रकचर बैंक लिमिटेडमा भारतीय लगानीकर्ताबाट समेत इक्विटीमा लगानी गर्नका लागि प्रक्रिया अघि बढेको जानकारी दिँदै सो कार्य अघि बढाउन पनि उनले अनुरोध गरे।

भारत सरकारले भारु. पाँचसय र एक हजारका नोट प्रचलनमा बन्देज लगाउनुभन्दा पहिले नेपालमा मौज्दात भारु पाँच करोडको सटही सम्बन्धमा देखिएको समस्या समाधानका लागि पहल गर्न पनि अर्थमन्त्री डा. खतिवडाले भारतीय वित्तमन्त्रीसँग अनुरोध गरे। भारतबाट नेपालतर्फ जाने व्यक्तिहरूले आफूसँग लैजान पाउने ठूला दरका भारु नोटहरू फर्काउने सम्बन्धमा द्विविधा भएकाले त्यो स्पष्ट हुने गरी आवश्यक सूचना जारी गरिदिन समेत अर्थमन्त्री खतिवडाले अनुरोध गरे।

पछिल्लो आर्थिक स्थिति, लगानीको वातावरण तथा राजस्वका क्षेत्रमा भएका सुधारका प्रयास, द्विपक्षीय व्यापार, वाणिज्य सन्धिलगायतका विषयमा समेत खतिवडाले सितारमणसँग छलफल गरे। नेपालको वैदेशिक व्यापारको दुई तिहाई हिस्सा भारतसँग भएको उल्लेख गर्दै अर्थमन्त्री बढ्दो व्यापार घाटा सम्बोधन गर्न भारत सरकारबाट पनि सहयोग प्राप्त हुने अपेक्षा डा खतिवडाले व्यक्त गरे।

भारतकी वित्तमन्त्री सितारमणले नेपाल-भारतबीचको सम्बन्ध सदियौंदेखि भएको उल्लेख गर्दै आगामी दिनमा सहायता बढाउने जानकारी गराइन्। भारतीय सहयोगमा सञ्चालित आयोजना तथा विगतको भारु नोट प्रचलनमा भएको बन्देज र भारु नोट प्रयोगका क्रममा उत्पन्न समस्यालाई दुवै देशको सहमतिमा समाधान गरिने उनले बताइन्। नेपाल भ्रमणका लागि निमन्त्रणा गरेकामा अर्थमन्त्री डा खतिवडालाई धन्यवाद दिँदै आफूले उपयुक्त समयमा नेपालको भ्रमण गर्ने उनले जानकारी गराइन्।

भेटमा नेपाली राजदूतावास नयाँ दिल्लीका नियोग उपप्रमुख भरत रेग्मी र अर्थ मन्त्रालयका उपसचिव रमेश अर्याल समेत उपस्थित रहेको अर्थमन्त्रीका प्रेस संयोजक यमन पौडेलले जनाएका छन्।

## सम्झौता...

अन्तरक्रिया आयोजना गर्दै प्रधानमन्त्री ओलीले सो कुरा बताएको कार्यक्रममा सहभागी नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए।

प्रधानमन्त्री ओलीले नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर चीनसँग आर्थिक साझेदारीका विषयमा छलफल हुने भन्दै केरुङ-काठमाडौं रेलमार्ग निर्माणको लगानीको ढाँचाबारेमा समेत छलफल गरिने चर्चा गरे।

'हामी दीर्घकालीन हित र आवश्यकताका विषयमा पनि चीनसँग छलफल गर्छौं तर तत्कालीन आवश्यकता र सहकार्यका विषयलाई पनि उत्तिकै महत्त्व दिन चाहन्छौं,' प्रधानमन्त्री ओलीको भनाइ थियो।

सोही क्रममा पूर्वपरराष्ट्रमन्त्री श्रेष्ठले चीनसँग सडक र पूर्वाधारमा कनेक्टिभिटीका विषयमा मुख्य छलफल हुने जनाउँदै किमाथाङ्का र कोरला नाकाको स्तरोन्नतिसहित सञ्चालन, टोखा-छहरे सुरुङ निर्माण, अरनिको मार्ग स्तरोन्नति आदि विषययमा चीनसँग वार्ता भन्दै र विस्तृत तयारी नेपाल सरकारले गर्ने बताए।

कार्यक्रममा सहभागी नेपाली काङ्ग्रेसका नेता डा. प्रकाशशरण महतले राष्ट्रपति सीको भ्रमण हुने कुरा खुशीको विषय हो भन्दै राष्ट्रिय हित र आवश्यकताका आधारमा तयारीका साथ चीनसँग सहकार्य गर्न सुझाव दिएका थिए।

पूर्वपरराष्ट्रमन्त्री समेत रहेको महतले आफूहरू नेपालमा चिनियाँ लगानी बढ्नुपर्छ, 'बेल्ट एण्ड रोड' इनिसियटिभमा नेपालमा सहभागी हुनुपर्छ र त्यसको प्रतिफल आउनुपर्छ भन्ने पक्षमा रहेको तर ऋण लिएर रेलजस्ता ठूला आयोजना भने हतारोमा शुरु नगर्न सरकारको ध्यानाकर्षण गराए।

झन्डै चार घन्टासम्म चलेको उक्त छलफलमा उनले नेपालको विदेश नीतिमा कुनै अन्योल हुने खालको वातावरण सिर्जना नगर्न पनि सरकारसँग आग्रह गरेका थिए।

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले सरकारका तर्फबाट उक्त भ्रमणका लागि हालसम्म भएको तयारीबारे जानकारी दिएका थिए।

छलफलमा सहभागी नेता एवं विज्ञले लामो समयपछि चिनियाँ राष्ट्रपतिस्तरबाट हुन लागेको भ्रमण ऐतिहासिक र सफल हुने अपेक्षा व्यक्त गर्दै मुलुकको हित र आवश्यकतालाई ध्यान दिएर सन्धिसम्झौता गर्न सुझाव दिएका थिए।

छलफलमा पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्गेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल, झलनाथ खनाल र डा बाबुराम भट्टराई, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीलगायत सहभागीको सहभागिता रहेको प्रवक्ता नारायणकाजीले बताए।

# चितवनमा यात्रुबस दुर्घटना, दर्जनौं घाइते एक गम्भीर

**काठमाडौं ।** काठमाडौंबाट सर्लाहीको मलङ्गावातर्फ लागेको यात्रु बस चितवनमा दुर्घटना हुँदा ३८ जना घाइते भएका छन्।

सर्लाहीतर्फ लागेको ना ५ ख ५३४४ नम्बरको रात्रिबस भरतपुर महानगरपालिका-१२ आस्था चोकमा दुर्घटना हुँदा घाइते भएका ३८ जनामध्ये एक जनाको अवस्था गम्भीर रहेको भएको जिल्ला प्रहरी कार्यालय चितवनले जानकारी दिएको हो।

बस आफैं अनियन्त्रित भई सडक छेउको पीपलको रुखमा ठक्कर खाएर दुर्घटना भएको पनि प्रहरीको भनाइ छ।

उक्त दुर्घटनाका घाइते सबैको पुरानो मेडिकल कलेज र भरतपुरको नयाँ मेडिकल कलेजमा उपचार भइरहेको छ। सामान्य घाइते अवस्थामा रहेको पैंताली देखि छ्यालिस जना यात्रु सवार सो बसका चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ।

# नेपाल र ओमन मैदानमा, उपाधिको श्रेय कसलाई ?

**काठमाडौं ।** ओमनस्थित अल अम्रेट क्रिकेट मैदानमा जारी पाँच देशीय टी-ट्वान्टी सिरिजअन्तर्गतको अन्तिम खेलमा नेपालले ओमानसँग प्रतिस्पर्धा गर्दैछ।

यसअघि तीन खेलमध्ये दुईमा जीत हात पारिसकेको नेपालले विजय हासिल गर्ने उद्देश्यका साथ आयोजक ओमनको सामना गर्दैछ।

नेपालले पहिलो खेलमा हङकङलाई चार विकेटले पराजित गरेको थियो भने नेदरल्याण्डलाई पनि समान चार विकेटले नै पराजित गरेको थियो। त्यस्तै नेपाल आयरल्याण्डसँग १३ रनको झिनो अन्तरले पराजित भएको थियो।

तालिकाको शीर्ष स्थानमा रहेको आयोजक ओमान भने नेपालमाथि जीत हात पार्दै सिरिज उपाधि कब्जा गर्ने दाउमा छ। यसअघि तीन खेल खेलेको ओमनले तीनै खेलमा जीत हासिल गरेको छ। ओमनले आयरल्याण्ड, हङकङ र नेदरल्याण्डलाई पराजित गरेको थियो।

त्यस्तै चार खेलमा तीन खेल जितेर छ अङ्क नै बटुलेको आयरल्याण्ड रनरेटका आधारमा दोस्रो स्थानमा छ भने तीन खेलमा तीनवटै खेल हारेको नेदरल्याण्ड्स चौथो तथा हङकङ पाँचौं स्थानमा छ।

**कोसेली मिडिया सपोर्ट प्रा.लि. का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं